म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २३० सोमबार, २३ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 6 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

*विविधतामा एकता, सद्भाव र सहिष्णुता*

नेपाल सरकार
विज्ञापन बोर्ड

# बालबालिका हराउनेमा चितवन र मकवानपुर 'रेड जोन'

साझाकुरा संवाददाता



हेटौंडा, २२ चैत/ बागमती प्रदेशमा आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्षको मंसिरसम्मको तथ्यांक हेर्दा चितवन र मकवानपुरमा सबैभन्दा बढी बालबालिका हराएका छन् ।

काभ्रे, धादिङ र सिन्धुली जिल्लामा बढी संख्या रहेको छ भने रसुवा र रामेछापमा भने तुलनात्मकरुपमा बालबालिका हराउने घटना न्यून देखिएको छ । चितवनमा मात्र आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्षको मंसिरसम्म ५ सय ३३ जना बालबालिका हराएको प्रहरी तथ्यांक छ । यी वर्षहरुमा हराएका बालबालिकामध्ये ५ सय १७ जना बालबालिका फेलापरे पनि १६ जना बालबालिका अझै सम्पर्कविहीन अवस्थामा रहेको प्रदेश प्रहरीको तथ्यांकमा उल्लेख गरिएको छ । चितवनमा आर्थिक वर्ष २०७९/८० मा बालक ३४ जना र बालिका १ सय ५ जना गरी १ सय ३९ बालबालिका हराएका थिए ।

आर्थिक वर्ष २०८०/८१ मा ३१ जना बालक र १ सय १७ जना बालिका गरी १ सय ४८ जना बालबालिका हराएका थिए । यस्तै, वर्ष २०८१/८२ मा ४८ जना बालक र १ सय २९ जना बालिका गरी १ सय ७७ जना बालबालिका हराएका थिए । चालु आर्थिक २०८२/८३ को साउन महिनादेखि मंसिरसम्म ५ महिनाको अवधिमा १८ बालक र ५१ बालिका गरी ६९ जना बालबालिका हराइसकेका छन् । जसमध्ये प्रहरीले १५ जना बालक र ४३ जना बालिका गरी ५८ जना हराएका बालबालिका फेला पारेपनि अझै ३ जना बालक र ८ जना बालिका गरी ११ जना बालबालिका फेलापार्न सकेको छैन ।

मकवानपुर जिल्लामा मात्र आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्ष २०८२/८३ को मंसिरसम्म बालक ८३ जना र बालिका २ सय ७० जना गरी ३ सय ५३ जना बालबालिका हराए । जसमध्ये प्रहरीले बालक ८२ जना र बालिका २ सय ४१ जना फेलापारे पनि अझै ७ जना बालबालिका फेलापार्न सकेको छैन । मकवानपुरमा आर्थिक वर्ष २०७९/८० मा बालक ३४ जना र बालिका ८५ जना गरी १ सय १९ जना बालबालिका हराएका थिए । जसमध्ये प्रहरीले राम्रै सफलता हात पार्‍यो । आर्थिक वर्ष २०८०/८१ मा १९ बालक र ८४ जना बालिका गरी १ सय ३ जना बालबालिका हराए जसमध्ये प्रहरीले १८ बालक र ८४ जना बालिका गरी १ सय २ जना हराएका बालबालिका फेला पार्‍यो ।

२०८१/८२ मा २३ बालक र ७१ बालिका गरी ९४ जना बालबालिका हराएको प्रहरीको तथ्यांक छ । चालु आर्थिक वर्षको ५ महिनामा मकवानपुरमा ७ बालक र ३० बालिका गरी ३७ जना बालबालिका हराएका छन् । सिन्धुलीमा आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्ष २०८२/८३ को मंसिरसम्म बालक ४४ जना हराउँदा बालिकाको संख्या भने बालकको संख्याको तुलनामा तेब्बर भन्दा बढी १ सय ६० जना रहेका छन् । यी वर्षहरुमा बालक र बालिका गरी २ सय ४ जना हराएका थिए । यद्यपि, प्रहरीले सिन्धुलीमा हराएका ती बालबालिकामा अधिकांश फेला पारेको छ । प्रहरीले हराएका बालबालिकामध्ये ४३ जना बालक र १ सय ५९ जना बालिका गरी २ सय २ जना बालबालिका फेलापारेको छ ।

हराएमध्ये १ बालक र १ बालिका गरी २ जना बालबालिका भने अझै फेला परेका छैनन् । रामेछापमा आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्ष २०८२/८३ को मंसिरसम्म १८ जना बालक र ३१ जना बालिका गरी ४९ जना बालबालिका हराएका छन् । जसमध्ये अंधिकांश फेला परेपनि १ बालक र १ बालिका गरी २ जना अझै फेलापरेका छैनन् । दोलखामा आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्ष २०८२/८३ को मंसिर सम्म बालक ४१ जना र बालिका ४२ जना गरी ८३ जना बालकबालिका हराएका थिए । जसमध्ये ४० बालक र ४२ जना बालिका गरेर ८२ जना बालबालिका फेलापरे पनि १ जना बालक अझै फेला परेको छैनन् ।

काभ्रेमा आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्ष २०८२/८३ को मंसिरसम्म बालक ५४ जना र बालिका १ सय ५२ जना हराएका थिए । जसमध्ये ५३ बालक र १ सय ४९ जना बालिका फेला परेको भएपनि अझै १ बालक र ३ बालिका गरी ४ जना बालबालिका फेलापर्न नसकेको प्रहरीको तथ्यांक छ । काभ्रेमा आर्थिक वर्ष २०७९/८० मा ९ बालक र ४८ जना बालिका गरी २३ जना बालबालिका हराएका थिए । जसमध्ये ९ बालक र ४७ जना बालिका फेलापरे पनि १ बालिका फेला परिनन् ।

सिन्धुपाल्चोकमा आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्ष २०८२/८३ को मंसिर सम्म २७ बालक र ८१ बालिका गरी १ सय ८ जना बालबालिका हराए । जसमध्ये २६ बालक र ७९ बालिका फेलापर्दा १ बालक र २ बालिका गरी ३ जना फेलापर्न सकेनन् । नुवाकोटमा आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्ष २०८२/८३ को मंसिरसम्म बालक २८ जना र बालिका १ सय १४ जना गरी १ सय ४२ जना बालकालिका हराएका छन् । जसमध्ये २७ बालक र १ सय १३ बालिका गरी १ सय ४० जना बालबालिका फेलापरे तर, २ बालक अझै फेलापरेका छैनन् ।

धादिङमा आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्ष २०८२/८३ को मंसिरसम्म ३२ जना बालक र ९७ जना बालिका गरी १ सय २९ जना बालबालिका हराए । जसमध्ये ३१ बलक र ९४ जना बालिका फेला परेपनि अझै ४ जना बालबालिका फेला परेका छैनन् । ती फेला नपरेका ४ जना बालबालिकामध्ये १ बालक र ३ बालिका छन् । रसुवामा आर्थिक वर्ष २०७९/८० देखि चालु आर्थिक वर्ष २०८२/८३ को मंसिरसम्म ४ बालक र १९ बालिका गरी २३ जना बालबालिका हराए । जसमध्ये ३ बालक र १८ बालिका फेलापरे भने १/१ बालक र बालिका फेला परेका छैनन् ।

## कार्यालय समय बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म कायम

# शनिबार र आइतबार बिदादिने सरकारको निर्णय



साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/सरकारले सातामा दुईदिन सरकारी बिदादिने निर्णय गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले शनिबार र आइतबार दुईदिन बिदादिने निर्णय गरेको हो । यो बिदा सरकारी कार्यालय र शैक्षिक संस्थाको हकमा लागू हुनेछ ।

पेट्रोलियमपदार्थको आपूर्तिमा देखिएको असहजताका कारण यस्तो निर्णय गरेको सरकारको प्रवक्ता समेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए । निर्णय २३ चैत सोमबारदेखि लागू हुने उनको भनाइ छ । यो निर्णयसँगै अब सरकारी कार्यालयहरु बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुनेछन् । तर, शैक्षिक संस्थाको हकमा भने यो समय लागू हुने छैन, अर्थात साबिक समय कायम हुनेछ । पेट्रोलियमपदार्थको बढ्दो आयात र वातावरण प्रदूषणलाई न्यूनीकरण गर्न सरकारले पुराना डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीय सवारीमा रुपान्तरण गर्न पाउने नीतिगत निर्णय गरेको छ ।

बैठकले यस्तो रुपान्तरणका लागि आवश्यक पर्ने कानुनी गाँठो फुकाउन र उचित प्रबन्ध मिलाउन सम्बद्ध निकायलाई निर्देशन दिने निर्णय गरेको हो ।

मन्त्रिपरिषद् बैठकले वातावरण संरक्षण र इन्धन खपत कमगर्ने उद्देश्यले यो निर्णय गरेको प्रवक्ता पोखरेलले बताए । हाल पुराना इन्धनयुक्त सवारीसाधनलाई विद्युतीयमा परिवर्तन गर्दा दर्ता, नवीकरण र प्राविधिक मापदण्डका विषयमा स्पष्ट कानुनी व्यवस्था नहुँदा सवारी धनीले समस्या भोग्दै आएका थिए । सरकारको यो निर्णयसँगै अब पुराना गाडीलाई कवाडीमा फाल्नुको साटो कमखर्चमा वातावरणमैत्री बनाउन सकिनेछ । प्रवक्ता पोखरेलले भने, 'डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्नका लागि आवश्यक कानुनी व्यवस्था मिलाउने निर्णय भएको छ । यसले एकातिर इन्धनको परनिर्भरता घटाउनेछ भने अर्कोतिर नेपालको नवीकरणीय ऊर्जा (विद्युत) को खपत बढाउन मद्दत गर्नेछ ।'

**यसअघि "असफल" भएको थियो सातामा दुईदिन बिदादिने निर्णय**

सरकारले इन्धन खपत घटाउने र आर्थिक मितव्ययिता अपनाउने उद्देश्यले सातामा दुईदिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । तर, यो निर्णय अहिले नयाँजस्तो लागेपनि विगतमा प्रयोगमा ल्याएर असफल भएको थियो । आइतबारको मन्त्रिपरिषद् बैठकले सोमबारदेखि नै लागू हुनेगरी शनिबार र आइतबार दुईदिन सार्वजनिक बिदादिने निर्णय गरेको हो । सरकारका प्रवक्ता एवं शिक्षामन्त्री पोखरेलका अनुसार पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको असहजता र बढ्दो व्यापार घाटालाई न्यूनीकरण गर्न यो कदम चालिएको हो ।

नयाँ व्यवस्थाअनुसार सरकारी कार्यालयहरु अब बिहान ९ बजेदेखि ५ बजेसम्म सञ्चालन हुनेछन् । यद्यपि, शैक्षिक संस्थाको हकमा भने यो कार्यालय समय लागू नहुने मन्त्री पोखरेलले स्पष्ट पारे । यसअघि विभिन्न समयमा यस्तो प्रयास गरिए पनि पूर्णतयारीको अभाव र सेवाप्रवाहमा समस्या देखिएपछि सरकार पुरानै अवस्थामा फर्किन बाध्य भएको थियो । सर्वप्रथम २०४७ सालमा अदालतमा साताको दुईदिन बिदा दिने चलन अभ्यास गरिएको थियो । २०४८ सालमा तत्कालीन प्रशासन सुधार आयोगले खर्च कटौती र प्रशासनिक सहजताका लागि दुईदिने बिदाको सिफारिस गरेको थियो । *बाँकी पृष्ठ-३...*

# अग्रिम भर्ना र शुल्क असुल्ने विद्यालयलाई कारबाही गर्ने चेतावनी




साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले केही संस्थागत विद्यालयले कानुनी व्यवस्थाविपरीत अग्रिमरुपमा विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुल्ने गरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

मन्त्रालयले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको हो । मन्त्रालयकाअनुसार देशका विभिन्न जिल्लाका केही निजी विद्यालयले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ८४ (४) र नियम ७८ (ग) अन्तर्गतको व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतको मिति २०८२ चैत २० गतेको आदेश उल्लंघन गर्दै शैक्षिकसत्र २०८३ सुरु हुनुअघि नै विद्यार्थी भर्ना गर्ने र शुल्क असुल्ने गरेको सप्रमाण तथ्य सार्वजनिक भएका छन् ।

मन्त्रालयले विद्यालय सञ्चालन जस्तो जिम्मेवार र गरिमामय क्षेत्रमा यस्ता गैरकानुनी गतिविधि अशोभनीय मात्र नभई दण्डनीयसमेत हुने भन्दै सबै विद्यालयलाई सचेत रहन आग्रह गरेको छ ।

मन्त्रालयले सबै विद्यालय लाई नयाँ शैक्षिक सत्र सुरु भएपछि मात्र विद्यार्थी भर्ना गर्न र संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ मा तोकिएको बाहेक अन्य कुनै शुल्क नलिन निर्देशन दिएको छ ।

अभिभावकबाट कानुन विपरीत रुपमा असुल गरिएको भर्ना शुल्क सम्बन्धितलाई फिर्ता गराउन आवश्यक कानुनी प्रक्रिया अघि बढाउन सबै स्थानीय तहलाई अनुरोध गरिएको छ ।

मन्त्रालयले तोकिएको समयभित्र शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ लगायत प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी दिएको छ ।

# फलफूल तथा तरकारी व्यवसायी संघमा सापकोटा



साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/नेपाल फलफूल तथा तरकारी व्यवसायी संघ बागमती प्रदेशको अध्यक्ष काशीराम सापकोटा सर्वसम्मत चयन भएका छन् ।

प्रदेशको प्रथम भेलाबाट सापकोटाको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति गठन गरिएको हो । समितिको सचिवमा छत्रबहादुर थिङ चयन भएका छन् । नवनियुक्त नेतृत्वले प्रदेशभित्रको कृषिबजारलाई व्यवस्थित बनाउन र व्यवसायीका समस्या समाधान गर्न सक्रिय भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरेका छन् । नवनिर्वाचित समितिको विस्तारित बैठकले केरा व्यवसायमा देखिएका जटिलताका बारेमा गम्भीर छलफल गरेको छ । बैठकले सरकारले केरा आयातमा लगाएको रोक र त्यसका कारण भइरहेको अवैध ढुवानीलाई पूर्णरुपमा नियन्त्रण गर्न माग गर्ने निर्णय गरेको छ ।

वैधरुपमा हुने केरा ढुवानीमा देखिएका कानुनी र व्यावहारिक अड्चनलाई हटाई सहज वातावरण बनाउन सरकारसँग गम्भीरतापूर्वक छलफल गर्ने र रोकिएका प्रक्रिया खुलाउन अनुरोध गर्ने निर्णाय बैठकले गरेको छ । नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष भरतप्रसाद खतिवडाको प्रमुख आतिथ्यता भेला भएको हो ।



साझाकुरा

## हाम्रो कुरा

# हेटौंडाको मुख्य सडकमा उल्झन

बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले हेटौंडाको सडकलाई १६ मिटर कि २५ मिटरमा अल्झाउन नहुने बताएका छन् । राप्तीपुलदेखि रातोमाटेसम्म बाइपास सडक निर्माण गर्दा हेटौंडा बजारमा १६ मिटर मात्रै सडक विस्तार गर्न सकिने उनको भनाई छ । यही तर्कले हेटौंडाको सडक बिस्तारमा उल्झन पैदा भएको छ । बरु मर्कामा परेका घरधनी तथा ब्यवसायीलाई स्थानीय, प्रदेश संघ सरकारले कसरी ब्यवस्थापन गर्ने भन्ने विषयमा बहस गर्नुको सट्टा १६ मिटरको रट लगाएर बिवाद सृजना भइरहेको छ । मेचीनगरको काकडभिट्टादेखि कञ्चनपुरको गड्डाचौकीसम्मको एक हजार २८ किमि सडकमा नेपाल सरकारले चाहेर पनि केही गर्नसक्ने अवस्था देखिएको छैन । यो विश्व बैंक र एसियाली विकास बैंकको अधिनमा रहेको कुरा हो । मकवानपुर उद्योग वाणिज्य संघको ५९ औं वार्षिक साधारणसभामा मुख्यमन्त्री बानियाँले संघीय सरकारसँग आवश्यक समझदारी गरेर प्रदेश सरकारले क्याबिनेटबाटै सडक विषयमा आवश्यक निर्णय गर्न सरकार तयार रहेको जिकिर गरे । यो उनको बेतुकको तर्क मात्र हुनसक्छ । प्रदेश राजधानीलाई लामो समयसम्म अव्यवस्थितरुपमा राख्न नहुने धारणा मुख्यमन्त्री बानियाँले राखेका छन् तर, हलो अड्काएर गोरु चुट्ने खेती पनि यहँ भएको छ ।

मुआब्जा नपाएका घरधनी वा जग्गाधनीलाई मुआब्जा देउ, सडक फराकिलो बनाउ । यसको बिकल्प छैन । राज्य सञ्चालनको सवालमा सरकार कठोर हुनुपर्ने भएपनि निर्दयी हुन नहुने भन्दै बानियाँले हेटौंडाको सडकलाई उपयुक्त निकास दिन लागिपर्ने प्रतिबद्धता भने व्यक्त गरेका छन् । मुख्यमन्त्री बानियाँले सडक विस्तारबाट प्रभावित व्यवसायीलाई कर्जामा छुटदिन संघीय सरकारसँग अनुरोध गरे । उनले प्रभावित व्यवसायीको अर्को व्यवस्थापन नहुँदासम्म राष्ट्र बैंकले व्याजमिनाहा गर्नुपर्नेमा जोड दिए । व्यवसायीको हितको लागि नयाँ जनादेशबाट बनेको सरकारसँग बागमती प्रदेश सरकार सहकार्य गर्न तयार रहेको उनले बताए । मुख्यमन्त्री बानियाँले हेटौंडाको सडक विस्तार प्रदेश सरकारको अधिकार क्षेत्रभित्र नपर्ने बताएका छन् । यदि पूर्वपश्चिम राजमार्ग प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्दैन भने किन १६ मिटरको रट लगाएर स्थानीयलाई भुलभुलैयामा राखिररहेका छन् मुख्यमन्त्रीले ? यही कुरा बुझिनसक्नु भएको छ । अर्को कुरा बाइपास सडकलाई विश्व बैंक वा एसियाली विकास बैंकले मान्यता दिन्छ भने पहल किन नगरेको ? बाइपासलाई मान्यता कुनैपनि हालतमा दिँदैन भने खुलस्त रुपमा स्थानीयलाई किन भन्न नसकेको ? भोटको राजनीति गरेर कहिल्यै नथाक्ने नेतृत्वका कारण हेटौंडा बजारको विकास हुन सकेको छैन । नेपालको पूर्बपश्चिम राजमार्ग 'एसियन हाइ-वे' अन्तरगत राखिएका कारण नेपाल सरकारले चाहेर पनि सडकको एलाइन्मेन्ट परिवर्तन गर्न नसकिने बताइएको छ । एसियाली विकास बैंक, वर्ल्ड बैंकले एसियन हाइ-वेको रुपमा नेपालको पूर्वपश्चिम राजमार्गलाई बिस्तार गर्न लागेको हो । यसका लागि राज्य जिम्मेवार बनेर जानुपर्ने हुन्छ ।

हेटौंडा बजारको दायाँबायाँ रहेका घरटहरालाई राज्यले प्रक्रियागत ढंगले उचित क्षतिपूर्ति दिएर सडक बिस्तार गर्नुको बिकल्प छैन । सडक स्तरोन्नतिका क्रममा कुल ६ सय ८८ वटा निजी संरचना प्रत्यक्ष प्रभावित हुने देखिएको छ । आयोजनाको प्रभाव क्षेत्रभित्र कुल एक सय ८० वटा सामुदायिक संरचना रहेका छन् । हेटौंडाको राप्तीदेखि कर्रा पुलसम्म २ सय ८५ घर, हेटौंडा बजारक्षेत्र बाहेकका दुई सय ५ घर र अन्य पालिकाभित्रका एक सय ९८ वटा घर प्रभावित हुने प्रतिवेदनमा उल्लेख छ । परियोजनाले पथलैयादेखि हेटौंडा हुँदै भरतपुरको गोन्द्राङसम्म कुल एक सय किलोमिटर सडक स्तरोन्नति गर्ने योजना सुरु भएको छ । जसको विस्तृत डिजाइन तयार भइसकेको छ । ४ लेनको सडक सुदृढीकरणसँगै साइड ड्रेन, सर्भिस लेन, फुटपाथ तथा यातायात सुरक्षाका अन्य संरचना निर्माण गरिनेछ । सडक विभागको आयोजनामा तीन वर्षभित्र कार्यसम्पन्न गर्ने लक्ष्य राखिएको छ । परियोजनाको कुल लागत करिब ६३ अर्ब ६८ करोड रुपैयाँ रहेको छ । सडकको क्षेत्राधिकार केन्द्रबाट दायाबाँया २५/२५ मिटरको पथलैया-हेटौंडा-नारायणगढ सडकखण्ड पथलैयाबाट सुरुभई भरतपुर गोन्द्राङमा गएर टुगिंन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत २४ गते मंगलबार ६ अप्रिल २०२६ । पञ्चमी, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:५० सूर्यास्त ६:२४ । विश्व स्वास्थ्य दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | तुला | : मानसिक तनाव बढ्नेछ |
| वृष | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | वृश्चिक | : मनमा छट्पटि बढ्नेछ |
| मिथुन | : पवित्र कर्ममा मन जानेछ | धनु | : शत्रु पराजय हुनेछ |
| कर्कट | : घरेलु समस्याले सताउने देखिन्छ | मकर | : बुद्धि र पराक्रम बढ्नेछ |
| सिंह | : महत्वपूर्ण भेटघाट हुनेछ | कुम्भ | : नातागोतासँग भेटघाट हुनेछ |
| कन्या | : उपहार हात लाग्नसक्नेछ | मीन | : रोकिएको कामहरु बन्नेछ |

# राजनीतिको परिवर्तित भाष्य



✍ विद्या भट्टराई

राजनीति नीति, नेतृत्व, अवसर, पहुँच, दलहरू बीचको प्रतिस्पर्धा र राज्यको संरचनागत सम्बन्धको समुच्च रूप हो । हामीकहाँ लामो समयसम्म राजनीतिलाई बुझ्ने मुख्य भाष्य दलको प्रभाव र दलीय संगठनहरूको निर्माणमा रह्यो । राज्य, सरकार र दलहरू बीचको भिन्नतालाई परिभाषित गर्न नसकेका कारण राजनीतिक प्रणालीले नयाँ पुस्तालाई राज्य प्रणालीमा समावेश गर्न अक्षम भएको महसुस भयो ।

यसैको फलस्वरुप, राजनीतिको मूलधारमा रहेका पुराना दलहरूमा सीमित नेताहरूको शासकीय प्रणालीबाट शासित हुनुपर्ने अवस्था सिर्जना गऱ्यो । संविधान निर्माणपछि शासकीय स्वरुप, संविधानको सर्वोच्चता र नागरिकले प्राप्त गरेको मौलिक हकको कार्यान्वयनका लागि राज्य सक्षम बन्नुपर्ने अनिवार्य शर्त थियो । यो शर्तलाई राजनीतिक शक्ति सन्तुलन र पारस्परिक भूराजनीतिक सम्बन्धका आधारमा सञ्चालन गर्नुपर्ने जिम्मेवारी राज्यको नेतृत्व तहमा थियो । त्यति मात्र थिएन केन्द्रीकृत शासनव्यवस्था र वंशीय राजनीतिको अन्त्यपछि निर्माण गरिएको संघीय लोकतान्त्रिक गणतन्त्रप्रति अधिकतम अपेक्षा नागरिकमा थियो ।

राजनीति केवल राज्यका प्रशासन बीचको मात्र सम्बन्ध होइन । लोकतन्त्रमा राजनीतिको मुख्य स्रोत नागरिक हुने गर्दछन् । नागरिकको जीवन सञ्चालनमा राज्यले गर्ने सहजीकरणले मात्र राज्य र नागरिक बीचको अन्तरसम्बन्ध कायम गर्दछ । यही अन्तर सम्बन्धका आधारमा राज्य निर्माणको बृहत् स्वरुप निर्माण हुन्छ । लोकतान्त्रिक प्रणाली राज्य व्यवस्थाको एकीकृत रूप हो तर नागरिक कर्तव्यबोधका लागि नागरिक समाज र सामाजिक धारहरूको बीचमा अन्तरसम्बन्ध निर्माण गर्नु पनि राजनीतिको अर्को महत्वपूर्ण पक्ष हो ।

**नागरिकको सोचमा परिवर्तन**

आम नागरिकको राजनीतिक चेतमा आउने परिवर्तन नै राजनीतिको 'पाराडाइम सिफ्ट' बन्न पुग्दछ । सिद्धान्त, वाद, विचार र अवधारणा राजनीति हो भन्ने मान्यताबाट दृष्टिकोण हो भन्ने मान्यतामा नागरिक सोच परिवर्तित भएको छ । समाजमा घट्ने विविध घटनालाई हेर्ने दृष्टिकोण र नागरिकहरूको सुरक्षाका सवालमा गरिने निर्णयहरूले राजनीतिक दल र सिंगो राज्य प्रणाली प्रतिको नागरिक विश्वास पैदा गर्ने गर्दछ ।

समाज विज्ञानको फराकिलो ज्ञान, प्रविधिको विकास, सूचनाको पहुँच र सामाजिक सञ्जालले निर्माण गरेको अवधारणाले नागरिकको सोच्ने क्षमतामा भिन्नता मात्र होइन आम रूपमा परिवर्तन आएको छ । क्रान्ति, आन्दोलन, परिवर्तन र छलाङ जस्ता शब्दहरू हिजो राजनीतिका मुख्य शब्दावली बन्ने गर्दथे भने आज यी सबै शब्दहरू सिफ्ट भन्ने एउटा शब्दमा रूपान्तरित भएको छ ।

रूपान्तरण र पुस्तान्तरण लोकतन्त्रको आधारभूत पक्ष हो । यो मान्यता दलहरूभित्र अनुसरण हुनुपर्दछ भन्ने सवाल आम नागरिकको आवाज बनेको थियो । यो सवाल आजको पुस्ताले मात्र होइन सबै उमेर समूहका नागरिकहरूले विगतको राजनीतिसँग आश गरेको महत्वपूर्ण पक्ष हो । यो प्रक्रिया दलहरूका संगठन प्रणालीभित्र अनुसरण हुन नसक्दा केवल नारामा सीमित बन्न पुग्यो र यसले आम रूपमा नागरिकमा नैराश्यता सिर्जना गर्न पुग्यो ।

राजनीतिले समाजको रूपान्तरण गर्न सक्दछ भन्ने स्थापित सत्यता आम नागरिकमा कायम छ । यो सत्यतालाई राजनीतिक दलहरूको सांगठनिक जीवनमा प्रमाणित गर्न नसक्दा समाजले निर्माण गरेका विविध आयाम र नयाँ चुनौतीको सामना गर्ने सामर्थ्य कमजोर हुँदै गएको महसुस आम नागरिकमा भयो । यही सामाजिक मान्यताका कारण हिजोका प्रमुख धारमा रहेका राजनीतिक शक्तिहरूको प्रभाव कमजोर बन्न पुग्यो ।

लोकतान्त्रिक प्रणालीमा प्रश्न गर्नु नागरिकको हक हो । प्रश्नहरूलाई विरोधको स्वरका रूपमा व्याख्या गर्ने शासकीय सोचका कारण राजनीतिक शक्ति र नागरिकको बीचमा संवादहीनता निर्माण गर्ने गर्दछ । राजनीतिलाई एकांकी सोचको आधारमा मात्र बुझ्ने र व्याख्या गर्ने प्रवृत्तिमा आम नागरिकले परिवर्तन खोजेका छन् ।

**मुद्दाहरूको प्राथमिकीकरण**

हाम्रो राज्यव्यवस्था परिवर्तनमा आन्दोलन नै मुख्य प्रक्रिया बन्ने गरेको छ । हरेक आन्दोलनलाई उपलब्धिपूर्ण बनाउन राजनीतिक दलहरूको भूमिका अग्रणी रहेको छ । आन्दोलनबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै समयमा नै आन्दोलनले पहिचान गरेको विभेद र द्वन्द्वको व्यवस्थापन गर्नुपर्ने भूमिकाबाट भने हिजो जिम्मेवारीमा रहेका प्रमुख दलहरू चुकेका छन् ।

हरेक राजनीतिक र सामाजिक आन्दोलन निश्चित मुद्दा, संरचनागत प्रवृत्ति र नागरिकको जीवन व्यवहारमा देखिएका समस्याबाट निर्माण हुने गर्दछन् । आन्दोलनबाट सिर्जित परिवर्तनका एजेन्डाहरूलाई राज्य व्यवस्थाले प्राथमिकताका साथ निश्चित समयसीमाभित्र सम्बोधन गर्न नसक्दा राज्य र समाज बीच थप असन्तुष्टि उत्पन्न हुने गरेको छ । २००७ सालदेखि २०६२/६३ सम्मको आन्दोलनलाई विश्लेषण गर्दा यी आन्दोलनहरू मूल रूपमा राज्यव्यवस्था परिवर्तनमा केन्द्रित थिए । संविधान निर्माणलाई पछिल्लो आन्दोलनले प्राथमिकता दियो र आन्दोलनका मर्म र मुद्दाहरूलाई संविधानमार्फत सम्बोधन गर्ने प्रयास भयो ।

बलियो र सार्वभौम सरकार मार्फत नागरिकका मौलिक हकको कार्यान्वयन गर्ने म्यान्डेट सरकारले प्राप्त गरे पनि नेतृत्वकर्ता दलहरूभित्र नेतृत्व बीच हुने शक्ति संघर्षका कारण नागरिकका मुद्दाहरूको प्राथमिकीकरण हुन सकेन । नागरिकको प्राथमिकता र दलहरूको कार्यशैलीमा देखिएको भिन्नताले अन्ततः नागरिकहरू दलीय स्वरुपसँगै आक्रोशित बन्ने स्थिति तयार भयो ।

भौतिक विकासलाई विकासको मुख्य आयाम मान्दा सामाजिक र मानवीय विकासका पक्षहरू राज्यको मूलधारबाट बाहिरिएर शीर्षकमा मात्र सीमित बन्न पुगे । आप्रवासनलाई भूमण्डलीकरणको प्रभाव र सामाजिक प्रक्रियाको रूपमा बुझ्ने मात्र होइन, राज्यका नेतृत्व तह-तप्का नै यो प्रक्रियामा सहभागी हुने अभ्यासले राष्ट्रिय भावलाई कमजोर बनाउन भूमिका खेल्यो । श्रम तथा शिक्षाका लागि हुने मानव र पूँजी पलायनले राज्य निर्माणको अभियानलाई सार्थक बनाउन सकेन ।

साथै, कोभिड १९ को महामारीपछि मुख्य शहरहरूमा बसोबास गरिरहेका, व्यक्तिगत सम्पत्तिको अभाव नभएका, आफ्नो व्यवसायमा क्रियाशील र हैसियत प्राप्त व्यक्तिहरूको सिंगो परिवार विदेश पलायन हुने क्रम व्यापक हुँदा आम निराशा पैदा गऱ्यो ।

आम नागरिकमा उत्पन्न निराशाको सम्बोधनका लागि नीतिहरूको प्राथमिकीकरण गर्न नसक्नु मात्र प्रमुख कारण बनेन, नीतिहरूको कार्यान्वयनका लागि नेतृत्व प्रदान गर्न समेत तत्कालीन नेतृत्व अक्षम छ भन्ने भाष्य नागरिक तहमा निर्माण भयो । त्यसैले अबको राजनीतिले युवा पुस्ताको नेतृत्वमा भएको आन्दोलन र यस आन्दोलनले उठाएका मुद्दाहरूलाई आगामी राजनीतिको रोडम्याप बनाउनु अनिवार्य छ ।

**राजनीतिक संस्कृतिमा जोड**

हाम्रो राजनीतिक अभ्यासमा सांस्कृतिक पक्षका वारेमा व्यापक चर्चा र सार्वजनिक बहस शुरु भएको छ । जनप्रतिनिधिहरूले संविधानको मार्गदर्शन र कानूनको परिपालना कति गर्ने गर्दछन् भन्ने आधारमा नागरिकहरूले राजनीतिक दलहरूको मूल्यांकन गर्ने क्रम शुरु भएको छ । राजनीतिक संस्कृतिले राजनीतिक दल, नेता र सम्पूर्ण जनप्रतिनिधिहरूको आचरण, व्यवहार र नियतलाई जनसमक्ष प्रस्तुत गर्दछ र यसैका आधारमा नागरिकहरूको राजनीतिप्रतिको दृष्टिकोण र मान्यता निर्माण हुन्छ ।

राजनीतिक संस्कृतिको विकासका मुख्य स्रोत राजनीतिक दलहरू हुन् भने कर्ताका रूपमा दलका नेता, कार्यकर्ता र जनप्रतिनिधिहरू हुने गर्दछन् । राजनीतिक संस्कृति हरेक राजनीतिक कर्मीहरूको मानसिकता र व्यवहारमा देखिनु पर्दछ, जसले राजनीतिप्रति आम नागरिकको सकारात्मक झुकाव निर्माण गर्न सहज हुन्छ । राजनीतिमा कुनै लाञ्छना र आरोप लाग्यो भने तुरुन्तै सत्यतथ्य पुष्टि गरी शंका निवारण गर्ने संस्कारको अभावका कारण राजनीतिलाई अपारदर्शी खेलको रूपमा बुझ्ने र व्याख्या गर्ने प्रचलन हावी छ ।

लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि राजनीतिक संस्कृतिको परिभाषा मात्र पर्याप्त हुँदैन । राजनीतिक नेता र कार्यकर्ताहरूको जीवन व्यवहारबाट उन्नत संस्कृति निर्माण गर्न सक्दा राजनीतिप्रतिको आम जनविश्वास कायम रहन्छ । नेपालको संविधानले समानुपातिक समावेशितालाई राजनीतिक संस्कृतिको रूपमा व्याख्या गरेको छ ।

हामीले राजनीतिक अभ्यासलाई हेऱ्यौं भने संकुचित र पराश्रित संस्कृति अवलम्बन भइरहेको देखेका छौं । असल राजनीति त्यतिवेला मात्र निर्माण हुन्छ जतिबेला राजनीतिक सन्तुलनका आधारमा तयार भएका दस्तावेजहरूमा लिखित मान्यताहरू राजनीतिक जीवन प्रणालीमा व्यावहारिक प्रयोग हुन्छ ।

सुशासन सहितको जनपक्षीय सरकार र राज्यका संयन्त्रहरूको प्रणालीगत परिचालन नै आजको राजनीतिक संस्कृतिको मूल मर्म हो । बहुलता र विविधता सहितको समाज व्यवस्थालाई नेतृत्व गर्ने राज्यप्रणालीको परिकल्पनालाई व्यवहारमा प्रदर्शित गर्नुपर्ने अनिवार्य दायित्व सहितको राजनीतिक संस्कृति आजको अपरिहार्य विषय हो ।

**निष्कर्ष**

लामो समयसम्म एकै धारबाट अगाडि बढिरहेको राजनीतिमा नयाँ पुस्ताको अर्थपूर्ण सहभागिता हुनु राजनीतिभित्रको नेतृत्व निर्माणमा आएको परिवर्तित रूप हो । राज्यको महत्वपूर्ण अंग व्यवस्थापिकामा देखापरेको यो संख्यात्मक आकारले राजनीतिभित्रको पुस्तान्तरणको बहसलाई केही सार्थक बनाउन भूमिका खेलेको छ ।

पुस्तान्तरणसँगै सहकार्य र समन्वयको संस्कृति निर्माण गर्न सक्दा मात्रै राज्य प्रणालीले स्थायित्व प्राप्त गर्न सक्दछ । अव्यावहारिक र उल्झन दिने कानूनहरूको खारेजीका साथै तजबिजी अधिकारको प्रयोग गर्ने गरी बनाइएका दफा र उपदफाहरूको संशोधन समयमा गर्न सक्दा मात्र नागरिकमैत्री राजनीति र राज्यप्रणालीको निर्माण गर्न सकिन्छ ।

*(साभार: अनलाइनखबर)*

# महिला अधिकार : पहुँच, चुनौती र अवसर

✍ लालतारा अधिकारी

हाम्रो समाजमा महिलाको सामाजिक र कानुनी स्थिति अझै पनि सहज र सौहार्द छैन । सामान्य रुपमा शहरीकरणले महिलाका अधिकारमा पहुँच बढेको जस्तो देखिए पनि वास्तवमा दूरदराजका ग्रामीण भेगमा अझै शून्यको स्थिति रहेको पाइन्छ । महिला अधिकार भन्नाले महिलाहरुको हक, हित सुरक्षा, सुविधा तथा संरक्षणसँग जोडिएका विषयवस्तु हुन् । महिलाका अधिकार र सोसँग सम्बन्धित कुराहरु बीसौं शताब्दीपूर्व पनि आवाज उठेको पाइन्छ भने त्यसपछि त झन् विश्वभर महिला अधिकार, महिलाका हकहितका खातिर बुलन्द आवाज उठाउँदै कैयौं दस्तावेज नै तयार भएका छन् ।

समयको गतिसँग हाम्रो देशमा पनि अनेक परिवर्तनहरु भए । २०४६ सालको जनआन्दोलनपछि बनेको संविधान २०४७ मा महिलाहरुको हकका सम्बन्धमा केही हदसम्म सम्बोधन हुँदा मौलिक हकअन्तर्गत धारा ११ मा समानताको हक, धारा १७ मा सम्पत्तिको हक, धारा २० मा शोषणविरुद्धको हकको प्रबन्ध गरिएको थियो । सोही सुधारात्मक संविधानको धारा २६ मा उल्लिखित राज्यका नीतिहरुको उपधारा ७ मा महिला वर्गको शिक्षा, स्वास्थ्य रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा आधिकारिक रुपमा सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ भनिएको छ ।

त्यसपछि क्रमिकरुपमा भएका परिवर्तनका उपलब्धिहरुमध्येको जनताले हासिल गरेको ठूलो उपलब्धि अन्तरिम संविधान २०६३ लाई लिइन्छ । यस संविधानले पनि महिलाहरुको हक-अधिकारलाई थप सुनिश्चितता दिँदै धारा २० मा महिलाको हक र धारा २१ मा सामाजिक न्यायको हकमा पनि महिलालाई समेत समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ भनी महिलाका सन्दर्भमा राज्य संरचनामा जान बाटो खुल्ला गरिदिएको पाइन्छ ।

सामाजिक सुरक्षार्थ पनि धारा १८ को उपधारा २ मा कानुनमा व्यवस्था भएबमोजिम महिलाहरुलाई सामाजिक सुरक्षाको हक हुने गरी महिला अधिकारलाई मौलिक हकमा समाविष्ट गराइयो । पटक-पटकको परिवर्तनबाट महिलाका हक-अधिकारहरु थपिने क्रमहरु जारी रहे । गणतन्त्रको उदयसँगै राजनीतिमा ठूलै उथलपुथल भयो । जनताका वाक स्वतन्त्रतादेखि लिएर मानव अधिकारका विषयहरु अन्तर्राष्ट्रिय मुद्दा बन्न थाले । महिलाका सन्दर्भमा पनि व्यापक आवाजहरु उठे । देशभित्रै पनि राज्य संयन्त्रदेखि विभिन्न अन्तर्राष्ट्रिय संघसंस्था तथा गैरसरकारी संघसंस्थासमेतले महिलाको समानता, समता र अधिकारका विषय उठान गरी कानुनी रुपमा सो हक स्थापित गर्न प्रयास गरेका कुरा विविध सूचनामार्फत बुझ्न सकिन्छ ।

नेपालको संविधान, २०७२ आजसम्मको सबभन्दा सर्वोत्कृष्ट र प्रभावकारी संविधान हो । हाम्रो देशमा मात्र नभएर विश्वमै पनि यो संविधानको प्रशंसा रहेको छ । नागरिकका हक-अधिकारलाई सुनिश्चित गर्दै सुदृढ र विस्तारित गर्ने कुरामा सो संविधानको सराहनीय भूमिका रहेको देखिन्छ । महिलाका खातिर एउटा युगान्तकारी परिवर्तन ल्याउने खालको सो संविधानले आमाको नामबाट पनि नागरिकता लिन पाउने व्यवस्था गरेको छ । महिलाले पनि समानरुपमा सम्पत्तिको अधिकार पाउने सुनिश्चिततासमेत यसले गरिदिएको छ ।

महिलाको हकलाई मौलिक हकको छुट्टै धारामा स्पष्ट उल्लेख गरेबाट पनि सो संविधान महिलामैत्री रहेको बुझिन्छ । यसरी संविधान २०७२ मा यावत् महिलाका हक-अधिकार सुनिश्चितता गरिए तापनि थपिएका यी हक-अधिकार प्रयोग र पहुँचको स्थिति के-कति प्रतिशत रहेको छ ? त्यो भने कुनै तत्थ्याङ्कले जनाएको पाइँदैन । कागजीरुपमा महिलाहरुको सशक्तीकरण र राज्य संयन्त्रमा समावेशिताको लागि कानुनी प्रगति भए पनि ग्रामीण परिवेशमा भन्नुपर्दा अवस्था गम्भीर नै छ । ग्रामीण भेगका महिलाहरुले आजसम्म पनि आफ्नो हक-अधिकार र न्याय के हो भन्ने ज्ञान हासिल गर्न सकेका छैनन् भने अधिकार र न्याय प्राप्तिमा निजका हकहरुको प्रत्याभूति गर्ने सहज स्थिति अझ पनि रहेको पाइँदैन ।

राज्यले कानुनीरुपमा मात्र अधिकारको कुरा गरेर के महिलाले आफ्ना हक-अधिकार प्रयोग गर्न सकेका छन् त ? यो मननयोग्य विषयवस्तु भएको छ । कानुनमा भएका हक-अधिकारका विषयमा आम महिलालाई कतिसम्मको ज्ञान छ ? अनि सो अधिकार प्रयोग गर्दा के-के चुनौतीहरु महिलाहरुले सामना गर्दै आएका छन् ? उनीहरु के-कस्ता माहिला हिंसा, यातना र शोषणबाट प्रताडित भएका छन् ? हामीले यी विषयमा कुनै अनुसन्धान गरेका छैनौं भने राज्यको पनि ध्यान यता गएको पाइँदैन ।

वास्तवमा भन्नुपर्दा कानुनमा स्पष्ट रहेका व्यवस्थाबमोजिमको हक प्राप्त गर्न पनि महिलाले ठूला-ठूला बाधा तथा चुनौती झेल्नु परेको पाइन्छ । संविधानमा व्यवस्था भएको आमाको नामबाट नागरिकता पाउने हकलाई आजसम्म पनि व्यवहारमा राम्ररी उतार्न सकिएको छैन । राज्य संयन्त्र स्थानीय सरकारले दिने अनेकौं प्रक्रियागत झन्झट तथा सो कार्यविधिमा वा अदालती प्रक्रियामा आउने आर्थिक बोझका कारण महिलाहरु बीचमै थाकेर आफ्ना सन्तानलाई संवैधानिक राज्यका अनागरिकका रुपमा परिभाषित गराई, सयौं अवसरबाट टाढिन बाध्य बनाइरहेका छन् ।

यो त एक उदाहरण मात्र हो । आधा आकाश र आधा धर्ती ओगट्ने महिलाको महत्व निर्वाचनका बेलाबाहेक घरको भान्छामा मात्र रहनु उचित होला र ? आज पनि सम्पत्तिमा छोरीको समान हकको मान्यतालाई एउटी आमाले स्वीकार्न सकेको अवस्था छैन । पितृसत्तात्मक सोचबाट ग्रसित हाम्रो समाजमा केही हदसम्म महिलाका हकको प्रत्याभूति गराउन खोजिए पनि व्यवहारमा यी कुरा लागू हुन अझै दशकौं लाग्न सक्ने अनुमान गर्न सकिन्छ । राज्य संरचनामा बराबर हिस्सा र सहभागितादेखि लिएर महिलाका लागि सामाजिक सुरक्षाको विषय कार्यान्वयनमा राज्यबाट निर्देशनात्मक ढंगबाट कार्यान्वयन हुनु जरुरी छ । महिलाका हक सुरक्षण गर्न कानुनको लिखित प्रावधानमात्र पर्याप्त हुँदैन ।

सरोकारवाला आम नागरिकमा कानुनसम्बन्धी सचेतना हुनु मुख्य पक्ष हो । कानुनको प्रभावकारी कार्यान्वयन पक्षअन्तर्गतको चेतनास्तर वृद्धि हुनु र सामाजको नकारात्मक सोचमा सुधार हुनु अपरिहार्य छ । हाम्रो देशको संविधानले महिलाका हक-अधिकारको विषयमा कुनै विभेदपूर्ण तरिकाले तुस राखेको पाइँदैन । महिला-पुरुषलाई कुनै विभेदाभाषपूर्ण प्रबन्ध नगरी समानरुपमा समान अधिकारको सुनिश्चितता दिएको छ ।

महिलाका सशक्तीकरण र न्यायका लागि महिला केन्द्रित विविध ऐनहरुको छुट्टै व्यवस्था गरिदिएको छ तर ग्रामीण भेगका महिलाहरु यी र यस्ता कानुनी अधिकारबारे कत्तिको जानिफकार छन् त ? आजसम्म पनि शिक्षाको प्राप्तिको पर्याप्त अवसर नपाइरहेका ती ग्रामीण क्षेत्रका महिलामा कानुनको साक्षरता पुगेको होला त ? यो एक प्रश्न योग्य र मननयोग्य गहन विषय हो ? यथार्थमा त्यो छैन नै । हरफकार आफैंले कानुनको अभ्यास गर्ने क्रममा अनुभव गरिएका ती आम महिलाका व्यवहार बाट पनि यो कुरालाई प्रस्ट बुझ्न सकिन्छ ।

यस सन्दर्भमा महिला मात्र नभएर पुरुष पनि कानुनका विषयमा धेरै कम प्रतिशत मात्र साक्षर छन् । राज्यको वार्षिक बजेटमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको वार्षिक बजेटमा करोडौं रुपियाँ छुट्याइने गरिए तापनि कानुनको साक्षरता वृद्धिमा कुनै चासो दिइएको पाइँदैन । कैयौं बजेट फ्रिज भएर जान्छ तर महिलालाई कानुनको ज्ञान दिने गरी त्यस्तो प्रभावकारी कार्यक्रम बनाई कार्यान्वयनमा आउन सकेको पाइँदैन ।

यस्तो प्रभावकारी कार्यक्रम बनाई कार्यान्वयनमा ल्याउन नसकेकै कारण महिलाहरु कानुन र न्यायको विषयमा अनभिज्ञ भएका हुन्, जसको कारण महिलाहरुले हदैसम्मको यातनाबाट प्रताडित हुनुपरेको छ । संविधान तथा अन्य कानुनले व्यवस्था गरिदिएका कति अधिकारहरुबाट पनि महिलाहरु वञ्चित छन् । कानुनमा प्रावधान हुनु र कार्यान्वयन हुनु भनेको फरक सन्दर्भ हो । आमाको नामबाट नागरिकता, छोरीलाई अंशजस्ता मुख्य मुद्दाहरुमा व्यावहारिक सम्बोधन आज पनि हुन सकेको छैन । नागरिकता दिने कार्यालयको प्रमुखका रुपमा एक महिला नै प्रमुख जिल्ला अधिकारी रहे पनि उहाँले आमाको नामको नागरिकता दिन खुलेर सहजीकरण गर्न सक्नुहुन्न, किनकि उहाँको पनि चेत त्यही पितृसत्तामा अड्किएको छ । छोरीलाई अंश दिने र लिने कुरामा पनि आमा-बुबा तथा छोरी स्वयं तयार हुनुहुन्न । यसका पछाडि विविध कारण छन् । सामाजिक मूल्य-मान्यताले भोलिका दिनमा माइतीको घर आउने बाटो टुटाउनुपर्ने मानसिक दबाब, त्यस्तै आमाको मात्र नामको नागरिकताले पुरुषविनाको सन्तानजस्ता आक्षेप आदिले पनि सँगसँगै खेदाउने हुँदा अघि बढ्ने हिम्मत शून्यमा झर्दछ । यस्ता कैयौं बाधा-अड्चन छन् । यिनले महिलालाई आफ्ना कानुनी अधिकारसमेतबाट अलग रहन बाध्य बनाएका छन् ।

राज्यले केही हदसम्म न्यायको अनुभूति दिलाउन स्थानीय स्तरमै न्यायिक समितिको व्यवस्था, मेलमिलाप केन्द्रको स्थापना तथा कानुनसम्बन्धी अन्य कार्यहरु गरिआएको भए तापनि महिलाले अधिकारमा पहुँच पुऱ्याउन सकेका छैनन् । कैयौं न्यायिक समितिमा संयोजक रहनुभएका उपप्रमुखको भूमिका सराहनीय छ भने कतिको भूमिका शून्य बराबर छ । कहीं नगरप्रमुखको बलमिच्याइँपूर्ण हस्तक्षेप, कहीं आवश्यक तालिमको अभाव, कहीं अनावश्यक सामाजिक दबाब र कहीं राजनीतिक प्रभावजस्ता विविध चुनौतीकै कारण न्यायिक समितिले पनि न्याय दिन सकेको छैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# सातामै लगानीकर्ताले गुमाए साढे ४ खर्ब, कहाँ थामिएला बजारको पहिरो ?



काठमाडौं/नयाँ सरकार गठन भएयता सेयर बजार त्रसित छ, जसले गर्दा सरकार सरकारको बनेको एक साता अवधिमै बजार परिसूचक नेप्से ९.५९ प्रतिशत (२८४) अंक घटिसकेको छ । समग्रमा यो बीचमा लगानीकर्ताको सम्पत्ति मूल्य ४ खर्ब ५० अर्ब रुपैयाँ बराबर घटेको छ । सरकार गठन हुनुअघि सेयर परिसूचक नेप्से २९६० अंक पुगेको थियो ।

अघिल्लो आइतबारदेखि घट्न थालेको बजार यो आइतबारको कारोबारपछि २६७६ मा झरेको छ । नयाँ सरकार गठनअघि सेयर बजारमा कुल सम्पत्ति मूल्य अर्थात् बजार पूँजीकरण ५० खर्ब रुपैयाँ रहेकोमा अहिले ४५ खर्ब ५० अर्बमा झरेको छ । नेपाल स्टक एक्स्चेन्ज (नेप्से) परिसूचक आइतबार एकैदिन ३.७९ प्रतिशत (१०५ अंक) घटेको हो । बजारमा ठूलो अंकको गिरावट आइरहँदा बजारमा आबद्ध सबै त्रसित छन् ।

कतिपयले उच्च नोक्सानी बेहोरेरै सेयर बेच्न बाध्य भएका छन् । यतिबेला बजार घट्नुको प्रमुख कारण सरकारले व्यवसायीलाई गरेको धरपकड हो । सम्पत्ति शुद्धीकरण अनुसन्धान कार्य प्रभावकारी बनाउन भन्दै कतिपय व्यवसायीका सम्पत्ति रोक्का भएको छ भने केही पक्राउ परेका छन् । यसले बजारमा मनोवैज्ञानिक असर परेको छ । सम्पत्ति शुद्धीकरणको मामलामा केही व्यवसायीमाथि धरपकड हुँदा अरूसमेत त्रसित बनेको स्टक ब्रोकर एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष नरेन्द्र सिजापति बताउँछन् ।

'ठूला व्यवसायीले ठूलै परिमाणको सेयर होल्ड गर्छन्, अहिलेको अवस्थामा उनीहरूले नै बिक्री बढाएका हुन सक्छन्,' उनले भने । सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान राज्यको नियमित काम भएकाले यसकै कारण सेयर बजार त्रसित हुन जरुरत नभएको सरोकार वाला बताउँछन् । तर, बजारमा ठूला व्यवसायी नै सेयर बेच्न लागे भन्ने हल्लाले थप ठूलो अंकमा झार्न प्रेरित गरेको उनको दाबी छ ।

'बजार घटेकै कारण अरू कारोबारी तथा लगानीकर्ता समेत बेचेर उम्किन खोजेको देखिन्छ, यसले बढी असर पारेको छ,' सिजापतिले भने । सरकारले सेयर बजारको विपक्षमा नभई सुशासनलाई जोड दिन खोजेको सरकारी अधिकारी बताउँछन् । यसअघि केही लगानीकर्तासँगको भेटमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजारलाई पार दर्शी र सुशासनयुक्त बनाउन सर कारको प्रयास रहने, पूँजीबजारको विकासमा ध्यान रहेको बताएका थिए । तर, पनि बजार सम्हालिन सकेको छैन ।

सेयर बजारका ठूला लगानीकर्ता पनि सम्पत्ति शुद्धीकरणका नाममा सरकारको निसानामा परेको हल्लासँगै डर फैलिएको एसोसिएसन अध्यक्ष सागर ढकाल बताउँछन् । 'यो डरको आयु धेरै लामो छैन, सरकारले कानुन कार्यान्वयन गर्दा वा सुशासन कायम गर्न खोज्दा सेयर बजार घट्नुपर्ने त होइन, तर मनोविज्ञानकै आधारमा बजार चल्ने भएकाले अस्वाभाविक घट्यो,' ढकालले भने ।

बजारको गिरावट धेरै तल नझर्ने उनको दाबी छ । 'केही दिनमा नै बजार सूचक्ले सकारात्मक लय समाउने छ,' उनले भने, 'सरकारले पनि लगानीकर्तालाई विश्वासमा लिने गरी पूँजीबजार सुधारका काम गर्नुपर्दछ ।' घटेको बजारमा खरिद गर्ने झन् कमजोर देखिएकाले बजारको ओरालो थामिन नसकेको अर्का एक ब्रोकर सञ्चालक बताउँछन् । 'ठूला सेयर लगानीकर्तालाई पनि सरकारले धर पकड गर्न सक्ने भन्दै बजारमा त्रास फैलिएको छ,' ती सञ्चालकले भने, 'यसले धेरैलाई बजार कतै १८ सयमै झर्ने हो कि भन्ने डर बढाएको छ ।'

बजार धेरै घटिसकेपछि लगानीकर्ता तथा कारोबारीलाई नियामकले समेत आश्वस्त पार्नुपर्नेमा त्यसो हुन सकेको छैन । 'बजारको शुद्धीकरणसँगै लगानीकर्ताको अत्मविश्वास मजबुत बनाउनेतर्फ बोर्डको ध्यान केन्द्रित छ,' धितोपत्र बोर्ड अध्यक्ष सन्तोषनारायण श्रेष्ठले भने, 'सरकार सेयर बजारप्रति नकारात्मक छैन, सुधारका लागि गर्नुपर्ने काम द्रुत गतिमा अघि बढाउन निर्देशन गरिरहेको छ ।' सेयर बेचेको पैसा सम्बद्ध लगानीकर्ता तथा कारोबारीको बैंक खातामा सिधै जम्मा हुन्छ, सेयर खरिद गर्दा पनि बैंकिङ माध्यमबाटै भुक्तानी हुने हो ।

'त्यसैले अवैध रकम बजारमा आएको थियो भने पनि त्यो रकम सेयर बेचेर वैध हुने वा अन्त लुकाउन सम्भव हुँदैन,' एक ब्रोकर सञ्चालकले भने, 'त्यस्तो अवैध सम्पत्ति बैंकमा भए पनि रोक्का नै हुन्छ, सेयर भए पनि रोक्का नै हुन्छ वा घरजग्गामा गएको खण्डमा पनि रोक्का हुन्छ ।' केही व्यवसायी पक्राउ परेपछि बजारमा ठूलो अफवाह फैलाइएको र यसले लगानीकर्ताको मनोबल कमजोर बनेको नेपाल इन्भेस्टर्स फोरम अध्यक्ष तुलसीराम ढकाल बताउँछन् ।

'सम्पत्ति शुद्धीकरणको मामलामा सोधपुछका लागि केही व्यवसायी पक्राउ पर्दैमा बजार यसरी झर्नुपर्ने होइन,' उनले भने, 'सेयर बजारमा बैंकिङ प्रणालीबाटै पैसा आउने हो, नगदमा कारोबार हुँदैन ।' व्यवसायीको धरपकड बाहेक बजार घट्ने अरू आधार अहिले नरहेको ढकाल बताउँछन् । 'ब्याजदर अति न्यून छ, लगानीका अन्य विकल्प छैनन्, नीतिगत सुधार धमाधम भइरहेको छ, वैशाखदेखि मार्जिन कारोबार सुरु हुँदैछ,' ढकालले भने, 'मुद्रा सञ्चितिदेखि अन्य तथ्यांक राम्रा छन् ।' बजार छोटो समयमै उच्च दरले घटेकाले छोटो समयमै उही गतिमा रिकभर पनि हुन सक्ने उनको भनाइ छ ।

**केही लगानीकर्ता आन्दोलनमा**

सरकारले पूँजीबजारमा आवश्यक सुधारका काम पनि नगर्ने र सर्वसाधारणलाई आश्वस्त पार्ने काम पनि नगरेको भन्दै केही लगानीकर्ता आन्दोलनमा उत्रिएका छन् । लगानीकर्ताको एउटा संगठनले आज सिंहदरबारको दक्षिण गेटमा केही बेर प्रदर्शन गरेको थियो । 'कसैले अवैध सम्पत्ति आर्जन गरेको वा अन्य वित्तीय गडबडी गरेको भए कारबाही हुनैपर्छ,' आन्दोलनमा रहेका लगानीकर्ता तिलक कोइरालाले भने, 'तर, बजार एकोहोरो झरिरहँदा केही पनि नबोल्ने, पूँजीबजार सुधारका काम पनि नगर्ने हुनु भएन ।' आफूहरूको माग पूँजी बजार सुधारका कामलाई तीव्रता दिन सम्बद्ध पक्षलाई दबाब दिने मात्रै रहेको उनले बताए । 'सेयर बजारकै प्रविधि तथा प्रणाली सुधारका लागि गर्नुपर्ने थुप्रै काम छन्, त्यतातिर सरकारको ध्यान जाओस्, कमसेकम बजारका लागि काम भइरहेको सन्देश आओस् भन्ने हाम्रो चाहना हो,' कोइरालाले भने ।

*(स्रोत: अनलाइनखबर)*

# बकैयामा सामाजिक सुरक्षा कार्यक्रम सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ मकवानपुरको बकैया गाउँपालिकामा अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराइने भएको छ ।

वकैया गाउँपालिका कार्यालयले पालिकामा कार्यरत कर्मचारी पालिका स्वरोजगारमा रहेका अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउने भएको हो ।

गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले गाउँपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत अस्थायी करारका कर्मचारीसँगै अनौपारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम कार्यान्वयनमा ल्याउन लागेको जानकारी दिएका छन् । कार्यक्रम चालू वर्ष २०८२/८३ भित्रै कार्यान्वयनमा ल्याउन बजेट विनियोजन गरेको उनले बताए ।

योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम कार्यान्वयन गर्ने बकैया गाउँपालिका जिल्लाको तेस्रो पालिका हुनेछ । यसअघि भीमफेदी गाउँपालिकाले सामाजिक सुरक्षा कोषसँग सम्झौता गरी कार्यान्वयनमा ल्याएको छ । त्यस्तै इन्द्रसरोवर गाउँपलिकाले गत माघमा सामाजिक सामाजिक सुरक्षा कोषसँग सम्झौता गरी कार्यान्वयन सुरु गरेको छ । बकैया गाउँपालिकाका रोजगार संयोजक रामचन्द्र खड्काले यसका लागि चालु आवमा ४० लाख रुपैयाँ विनियोजन गरिएको जानकारी दिएका छन् ।

पालिकामा अस्थायी र करारमा कार्यरत १०३ कर्मचारीलाई कार्यक्रममा आवद्ध गराउने प्रक्रिया अन्तिमचरणमा पुगेको छ । पालिकामा अस्थायी र करारमा कार्यरत कर्मचारीले खाइपाइ आएको तलबको ६० प्रतिशतलाई सय प्रतिशत मानेर कर्मचारीले ११ प्रतिशत र पालिकाको तर्फबाट २० प्रतिशत प्रतिशत बेहोरिने छ । संयोजक खड्काले अनोपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई कार्यक्रममा सहभागिताका लागि सार्वजनिकरुपमा आव्हान गरिएको बताए ।

# शनिबार र आइतबार बिदा...

आयोगकै सिफारिसका आधारमा २०५६ सालमा काठमाडौं उपत्यकामा साताको दुईदिन बिदादिन सुरु गरियो तर, त्यो लामो समय टिक्न सकेन र असफल सावित भयो ।

पछिल्लो समय २०७७ मङ्सिरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गठन गरेको समितिले आन्तरिक पर्यटन प्रवर्द्धनका लागि दुईदिने बिदाको सिफारिस गरेको थियो । त्यसपछि २०७९ सालमा पनि केही समय परीक्षण गरिए पनि अन्ततः सर कार एकदिने बिदाकै निर्णयमा फर्किएको थियो । नेपालमा कार्यालय समय र बिदाको सुरुवात राणाकाल देखि भएको पाइन्छ । सर्वप्रथम देवशमशेरले बिहान १० देखि ५ बजेसम्मको कार्यालय समय तोकेका थिए । पछि भीमशमशेरले यसलाई १० देखि ४ बजेसम्म झारेका थिए । देवशमशेरकै पालादेखि शनिबार बिदादिने चलन सुरु भएकोमा भीमशमशेरले शुक्रबार आधादिन र शनिबार पूर्णबिदाको व्यवस्थालाई संस्थागत गरेका थिए ।

पद्मशमशेरले मौसम अनुसार (कात्तिकदेखि माघसम्म १०-४ र फागुनदेखि कात्तिकसम्म १०-५) कार्यालय समय तोक्ने प्रचलन चलाएका थिए । विगतमा पटक-पटक असफल भएको यो प्रयोगलाई बालेन शाह नेतृत्वको सरकारले इन्धन संकट र आर्थिक दबाबकाबीच कार्यान्वयनमा ल्याएपछि कत्तिको प्रभावकारीरुपमा अगाडि बढाउन सक्छ ? यो विषयमा सामाजिक संजालमा ब्यापक बहस भइरहेको छ ।

# अन्तर्राष्ट्रिय पर्यटनमा चौतर्फी चुनौती, आन्तरिकलाई बिदा राहत

काठमाडौं/मार्च २०२६ मा पर्यटक आगमन सन् २०२५ को तुलनामा एक प्रतिशत घट्यो । यो संख्या ठूलो हुने सम्भावना थियो । तर, भारत सहित सार्क मुलुकका पर्यटक आगमनमा आएको २१ प्रतिशतको सुधारले कुल पर्यटक आगमनमा ठूलो खाडल पर्न दिएन ।

नेपाल पर्यटन बोर्डका अनुसार मार्च २०२६ मा १ लाख २० हजार ५ सय १६ पर्यटकलाई मुलुकले स्वागत गऱ्यो । २०२५ मा १ लाख २१ हजार ६ सय ८७ पर्यटक आएका थिए । अर्कातर्फ, यो सिजन पदयात्रा र पर्वतारोहणमा धेरै पश्चिमा देशबाट पर्यटक आउने विगतको प्रवृत्ति छ । तथ्यांकले यसमा ठूलो असर परिरहेको देखाएको छ । अमेरिकाबाट गत मार्चमा ७ हजार ९ सय ७४ जना आएका छन् । २०२५ मार्चमा यो संख्या ११ हजार ९२ थियो । अर्थात्, संख्या २८.१ प्रतिशतले ओरालो लाग्यो ।

युरोपेलीको आगमन 'ट्रेन्ड' पनि यस्तै छ । बेलायतबाट ४ हजार ८ सय १४ जना मार्चमा नेपाल आए । गत वर्ष ५ हजार ९ सय ९५ आएका थिए । बेलायतबाट हुने आगमनमा १९.७ प्रतिशत गिरावट आयो । युरोपेली भेगको समग्र आगमनमा १८.९ प्रतिशतको गिरावट रेकर्ड गरिएको छ । पश्चिम एसियामा चर्किएको युद्ध लम्बिँदै जाँदा त्यस भेगलाई 'ट्रान्जिट' बनाएर नेपाल आउने पर्यटक आगमनमा प्रत्यक्ष असर गरेको बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशी बताउँछन् ।

यस्तो बेला जोशी स्वयं युद्धका कारण एक साता दोहा विमानस्थलमा फस्न पुगेका थिए । दोहा ट्रान्जिट गरी जर्मनी उडेका उनी युद्धका कारण दोहामा फसेका थिए । पछि जर्मनीको कार्यक्रम सोही समयमा सकिएपछि उनी भारत नयाँदिल्ली हुँदै नेपाल फिर्ता आए । 'युद्धका कारण यात्रा अनिश्चित बनेको छ,' उनी भन्छन्, 'यसले हामीजस्ता मुलुकलाई ठूलो मार पर्ने देखिन्छ ।'

वसन्त ऋतु आरोहण र पदयात्राको सिजन हो । यस समय लामो समय बिताउने र धेरै खर्च गर्ने पर्यटक नेपाल आउँछन् । नेपाली पर्यटनमा बढी आम्दानी गर्ने आधार पनि यी क्षेत्र हुन् । यही बेला 'फेक रेस्क्यु' को विषयले पर्यटन बजारमा नकारात्मक समाचार फैलिरहेको छ । केही समय अगाडिको यो मुद्दा अहिले प्रहरीले फाइल खोल्दै कारबाही थालेको छ । यसले अन्तर्राष्ट्रिय पर्यटन बजारमा पुनः नेपाली पर्यटनको नकारात्मक छवि प्रचार भइरहेको छ ।

अर्कातर्फ, युद्धका कारण इन्धन आपूर्तिमा परेको असरले पर्यटकीय सेवा महँगो बनेको छ । गत सातामात्र नेपाल आयल निगमले हवाई इन्धनको मूल्यमा भारी वृद्धि गरेको छ । आन्तरिक र वाह्य दुवै रुटको हवाई इन्धन मूल्य दोब्बर सम्म बढ्दा त्यसले यात्रा महँगो बनेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार काठमाडौं-धनगढी रुटको अधिकतम हवाई भाडा २३ हजार ५९ रुपैयाँ पुगेको छ ।

'एक त कसरी गन्तव्य पुग्ने भन्ने चुनौती छ, अर्को सेवा महँगो बनेको छ, यस अवस्थामा पर्यटकले घुमफिरको योजना पुनर्विचार गर्न सक्ने जोखिम हुन्छ, जुन हाम्रो जस्तो अर्थतन्त्रका लागि सुखद खबर होइन,' बोर्ड सीईओ जोशी भन्छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निकट रहेर काम गरिरहेका वरिष्ठ पर्यटन व्यवसायी सुमन पाण्डे फेक रेस्क्युका विषयमा भइरहेका नकारात्मक प्रचार चिर्न सरकार र पर्यटन उद्योगले संयुक्त प्रयास गर्नुपर्ने बताउँछन् ।

इरान-अमेरिका युद्धको असर कम भएन भने सकारात्मक पाटो खोजेर विकल्पमा काम गर्नुपर्ने उनको भनाइ छ । 'हामी जुन भेगमा छौं त्यो भेग अहिले संसारका अन्य भेगको तुलनामा शान्त छ, हामी यसलाई अब अवसरमा बदल्न सक्छौं,' उनी भन्छन्, 'युद्धको असर कम गर्ने हामीले विकल्प खोजेरै हो ।'

जति समस्या छन्, सरकार र उद्योगी सँगै बसेर विकल्प खोज्ने हो भने छिटो निष्कर्ष निस्कने समेत उनको राय छ । सोही अनुसार बोर्डले ट्रान्जिट विकल्पबारे अन्तर्राष्ट्रिय पर्यटन बजारका सरोकारवालालाई विभिन्न माध्यमबाट जानकारी गराउने काम थालिसकेको बोर्ड सीइओ जोशीले बताए ।

अहिले नेपाल आउन टर्की, दिल्ली, हङकङ र चीन सुर क्षित ट्रान्जिट विकल्प हुन् । यसलाई बढी प्रचार गरेर आगमनमा असर नपर्ने रणनीतिमा छलफल अगाडि बढाइएको उनले जानकारी दिए । यसबाहेक बोर्डले छिमेकी भारत र चीनबाट अधिक पर्यटक भित्र्याउने गरी प्रवर्द्धनमा जोड दिएको उनले बताए । 'आसियान मुलुक, सार्क र चीन हाम्रा लागि भरपर्दो स्रोत बजार हुन्,' उनी भन्छन्, 'उहाँहरूका लागि पनि अन्य भेगमा द्वन्द्व बढ्दा नेपाल सुरक्षित गन्तव्य हो भन्ने सुनिश्चित गराउन हामी सोही अनुसार क्याम्पेन गर्छौं ।'

आन्तरिक रूपमा इन्धनको मूल्यवृद्धि बाहेक अहिले पर्यटनमा असर पर्ने नकारात्मक वातावरण नभएका कारण यसलाई वाह्य चुनौती चिर्ने माध्यम बनाउन सकिने सम्भावना समेत जोशीले देखेका छन् । अघिल्लो साता अमेरिकाले नेपालबारे ट्राभल एडभाइजरी खुकुलो बनाएको छ । यसअघि उच्च जोखिम देखाएको नेपाल गन्तव्यलाई अमेरिकाले खुकुलो पार्दै सावधानी अपनाएर यात्रा गर्न सकिने सूचीमा राखेको छ ।

अमेरिकी ट्राभल एडभाइजरीलाई अन्तर्राष्ट्रिय पर्यटन बजारमा बढी विश्वास गरिने भएकाले सोही एडभाइजरी सकारात्मक हुनु पनि नेपालको पर्यटनका लागि सुखद समाचार हो । पर्यटन उद्योग सरकारले सरकारी बिदा थप गरेको प्रति भने उत्साही छ । मन्त्रिपरिषद् बैठकले अब शुक्रबार र शनिबार सरकारी कार्यालय र सबै शैक्षिक संस्था बन्द हुने गरी निर्णय गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# सेयर बजार नखुल्दा पनि 'अर्डर' हाल्न पाइँदै, सर्किट ब्रेकर सीमा ८ प्रतिशत

काठमाडौं/धितोपत्र बजारको नियमित कारोबार समय भन्दा अघिपछि पनि खरिद बिक्री आदेश गर्न पाइने व्यवस्था हुने भएको छ । विदेशमा रहेका नेपाली र कार्यालय समयमा सेयर कारोबार गर्न नपाउनेलाई सहज हुनेगरी यस्तो व्यवस्था गर्न लागिएको हो ।

कारोबार समयका कारण विदेशमा रहेका कतिपय नेपालीले दोस्रो बजारमा लगानी गर्न नपाएको गुनासो सुनवाई गर्न नियमित कारोबार समय पछि पनि अर्डर गर्न सकिने व्यवस्था गर्न लागिएको नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोष नारायण श्रेष्ठले बताए ।

धितोपत्रको दोस्रो बजारमा पर्याप्त तरलता कायम गर्न तथा कारोबारको आकार समेत बढाउन यसले मद्दत गर्ने श्रेष्ठको भनाइ छ । 'नेप्सेको नियमित कारोबार दिउँसो ३ बजे बन्द हुन्छ, नयाँ व्यवस्थापछि बजार बन्द भए पनि खरिद बिक्री आदेश प्रविष्ट हुन्छ,' श्रेष्ठले भने, 'त्यसका लागि नेप्सेले पठाएको कारोबार विनियमावलीको संशोधन प्रस्ताव पनि स्वीकृत हुने चरणमा छ ।' धितोपत्रको प्राथमिक बजारका लगानीकर्ता दोस्रो बजारमा प्रवेश गराउनलाई पनि 'अफ आवर' खरिद/बिक्री आदेशको व्यवस्था गर्न लागिएको उनले बताए ।

नेप्सेको नियमित कारोबार सकिएपछि खरिद/बिक्री आदेश दिनेले सोही दिनको अन्तिम मूल्यका आधारमा तोकिए अनुसार मूल्य घटाइ वा बढाइ खरिद बिक्री आदेश दिन सक्ने व्यवस्था प्रस्ताव गर्दै धितोपत्र बोर्डमा पठाएको नेप्सेका एक अधिकारीले बताए । नेप्सेको नियमित कारोबार ३ बजे सकिन्छ भने साँझ ६ बजेदेखि भोलिपल्ट बिहान ६ बजेसम्मको आदेश प्रविष्टको समय दिने व्यवस्था गर्न प्रस्ताव गरिएको ती अधिकारीको भनाइ छ ।

यसरी खरिद/बिक्री आदेश दिँदा कम्पनीहरुको सेयर मूल्यको हकमा अन्तिम मूल्यमा २ प्रतिशत बढी वा घटी गरेर मूल्य तोक्न सकिने जानकारी उनले दिए । नेप्सेले पनि आफ्नो कारोबार प्रणाली सो अनुसार तयार गरिसकेको उनले बताए । हाल नेप्सेमा बिहान १० : ३० देखि १० : ४५ सम्म प्रिकारोबार हुन्छ भने ११ बजेदेखि ३ बजेसम्म नियमित बजार खुल्छ । सो समयमा मात्र अर्डर दिन सकिने व्यवस्था छ ।

साधारण सेयरमा वैदेशिक रोजगारीमा भएकालाई आरक्षण नै छ । तर, ती लगानीकर्ताले दोस्रो बजारमा कारोबार गरेका छैनन । यो व्यवस्थाले गैरआवासीय नेपालीका लागि पनि थप सहज व्यवस्था बन्ने छ । यसले धितोपत्र बजारमा गैर आवासीय लगानीकर्ताको प्रवेश गराउन पनि सहज हुने नेप्सेका अधिकारीको भनाइ छ । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पनि धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीलाई कारोबार गर्न अनुमति दिने सुझाएको छ ।

त्यसको लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ दफा ९ र १० परिमार्जन गरी पूँजी लगानी कोष खडा नगरिकन व्यक्तिगत रुपमा नै गैरआवासीय नेपाली नागरिकता परिचयपत्रको आधारमा कारोबार गर्न दिने व्यवस्था गर्न सुझाएको छ । त्यसैगरी आयोगले दोस्रो बजारमा सेयर खरिदका लागि लगानीकर्ताले भित्र्याएको रकमको एक वर्षमा दुई पटक पचास प्रतिशतसम्म रकम फिर्ता लान सक्ने व्यवस्था गर्नुपर्ने सुझाएको छ ।

सो विनियमावली स्वीकृतिका लागि बोर्डले सोमबार सञ्चालक समितिको बैठक समेत आह्वान गरिसकेको छ । धितोपत्र बजारमा नविनतम अभ्यास भित्र्याउने र चलायमान बनाउने काम ढिला नगरी गर्न अर्थमन्त्रीको निर्देशन अनुसार काम अघि बढेको श्रेष्ठको भनाइ छ ।

**सर्किट ब्रेकरको माथिल्लो सीमा ८ प्रतिशत**

नेपाल धितोपत्र बोर्डले सेयर बजार परिसूचक (नेप्से) मा उच्च अंकको उतारचढाव नियन्त्रण गर्ने (सर्किट ब्रेकर) खुकलो बनाउँदै ८ प्रतिशत पुऱ्याउने भएको छ । बोर्डले नेप्सेको कारोबार विनियमावलीको संशोधनलाई अन्तिम रुप दिँदै सर्किट ब्रेकरको सीमा थप २ प्रतिशत विन्दुले बढाएको हो ।

*(स्रोत: अनलाइनखबर)*

# 'बले'लाई पाँच दिन हिरासतमा राख्न अनुमति

काठमाडौं/हास्य कलाकार सागर लम्साल (बले)लाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंले अनुमति दिएको छ ।

बलात्कारको आरोपमा शनिबार बूढानीलकण्ठबाट पक्राउ परेका उनलाई आइतबार दिउँसो हतकडी लगाएर सरकारी वकिल कार्यालयमा बयानका लागि उपस्थित गराएपछि म्याद थप गर्न जिल्ला प्रशासन कार्यालय पुऱ्याइएको थियो ।

शुक्रबार अमेरिका बस्ने विष्ट थरकी एक युवतीले सागर माथि बलात्कारको आरोप लगाएकी थिइन् । त्यसकै आधारमा प्रहरीले उनलाई सोधपुछका लागि नियन्त्रणमा लिएको थियो । पीडितको तर्फबाट अहिलेसम्म आधिकारिक उजुरी भने परेको छैन । यसैले प्रहरीले उनीमाथि अभद्र व्यवहारसम्बन्धी कसुरमा मुद्दा चलाएको छ ।

राष्ट्रिय अवार्ड प्राप्त अभिनेत्री समेत रहेकी ती युवतीले सामाजिक सञ्जालमा लामो पोस्ट लेख्दै एक वर्षअघि सागरसँग अमेरिकामा भेट हुँदा आफू बस्ने अपार्टमेन्ट लैजान आग्रह गरेको र त्यहीं आफू बलात्कृत भएको दाबी गरेकी थिइन् । उनले सागरलाई फेसबुकमा मेन्सन गर्दै 'कसैको जीवन बर्बाद गरेर बाँच्दा कस्तो महसुस हुन्छ ?' भनेर प्रश्न समेत गरेकी थिइन् ।

उनले आफूलाई बलात्कार गर्ने व्यक्ति अहिले घर फर्केर खुलेआम बाँचिरहेको उल्लेख गर्दै लेखेकी थिइन्, 'आज अलिकति हिम्मत जुटाएर यो लेखें । मलाई थाहा छ- मैले न्याय पाउँदिन होला, र अब लड्ने शक्ति पनि बाँकी छैन । तर, जसले मलाई यति ठूलो अन्याय गऱ्यो, उसले त्यसको परिणाम भोग्नै पर्छ । भविष्यमा उसले अरू कसैलाई यस्तो गर्न पाउनु हुँदैन ।'

# 'मायालाई के दिऊँ म बैना' हिट भएपछि 'लालीबजार'ले ल्यायो दोस्रो गीत

काठमाडौं/आगामी बैशाख १८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'लालीबजार'को पहिलो गीत 'मायालाई के दिऊँ म बैना' दर्शकमाझ लोकप्रिय बनिसकेको छ । एक महिनामा गीतलाई युट्युबमा मात्र १ करोड भ्यूज मिलेको छ भने यसमा लाखौंको संख्यामा टिकटक, रिल्स र सर्टस् बनेका छन् । फिल्मको पहिलो गीत नै हिट भएपछि आइतबार दोस्रो गीत सार्वजनिक गरिएको छ ।

'मायालाई के दिऊँ म बैना'लाई युट्युबमा एक करोड पटक हेरिएको खुसीयालीमा निर्माण पक्षले केक काट्दै 'मिठो संसार' बोलको दोस्रो गीत सार्वजनिक गरेको हो । समीक्षा अधिकारी, दिलिजा रुवाली, अलिशा शर्मा र पूर्णिमा तामाङको स्वर रहेको यस गीतमा शब्द तथा संगीत जयन जे वाइवाको छ । गीतको लिरिकल भिडियोमा फिल्मका चल-अचल दृश्यहरू समेटिएका छन् ।

फिल्मका लेखक तथा निर्देशक यम थापाले 'मिठो संसार' गीत फिल्मको कथासँग जोडिएको बताए । यो फिल्मको महत्त्वपूर्ण गीत रहेको बताउँदै उनले भने, 'गीतमा आमा-छोरीबीचको प्रेम देखाइएको छ । छोरीप्रति आमाको माया र हुर्काउन गर्ने सैर्षलाई चित्रण गरिएको छ । फिल्ममा यो गीतले कथावाचनलाई मर्मस्पर्शी बनाएको छ ।' षट्कोण आर्ट्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा स्वस्तिमा खड्का, समाइरा थापा, रवीन्द्रसिंह बानियाँ, मुकुन्द श्रेष्ठ, विशाल देवकोटा, अभय बराल, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमती प्रदेशको हिउँदे अधिवेशन चैत २४ गते बोलाउन सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ बागमती प्रदेश सरकारले सात महिनापछि प्रदेशसभा बैठक बोलाउने निर्णय गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशसभाको हिउँदे अधिवेशन चैत २४ गते मंगलबार आह्वान गर्न प्रदेशप्रमुख दीपकप्रसाद देवकोटासमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले प्रदेशसभाको अधिवेशन आह्वान भएको जानकारी दिए । प्रदेश सरकारको सिफारिसमा प्रदेशप्रमुखले अधिवेशन आह्वान गर्ने व्यवस्था छ । बागमती प्रदेशसभाको पछिल्लो बैठक २०८२ भदौ १७ गते बसेको थियो । जेनजी आन्दोलनपछि बैठक राख्न नसकेको सरकारले मंसिर ३ गते प्रदेशसभाको १६ औं अधिवेशन अन्त्य गरेको हो । १६ औं अधिवेशनमा २४ वटा मात्रै बैठक बसेको प्रदेशसभा सचिवालयका प्रवक्ता कानुनअधिकृत प्रकाश चापागाईंले जानकारी दिए ।



प्रदेशसभाको सभाहल जेनजी प्रदर्शनका क्रममा तोडफोड र आगजनीबाट ध्वस्त भएपछि हेटौंडा उपमहानगरपालिका-२ स्थित उपमहानगर हाताभित्र निर्माण गरिएको मुख्यमन्त्री कार्यालयको सभाहलबाट बैठक सञ्चालन हुनेछ । प्रवक्ता चापागाईंकाअनुसार हाल अस्थायीरुपमा सभा सञ्चालनका लागि हेटौंडा उपमहानगरपालिका पछाडिको मुख्यमन्त्री सभाहललाई मर्मत गरेर तयार गरिएको छ । हटियाको ३१ हेक्टर जग्गामा प्रदेशको सबै संरचना बनाउने गुरुयोजनाका साथ प्रदेश सरकार अगाडि बढेको छ ।

'प्रदेशसभाको बैठक र प्रदेशसभाको भवन हामीले अस्थायी रुपमा तयार गरेका छौँ । अहिले यो उपमहानगरपालिकाको हलमा बैठक चलाउने तयारी गरेका छौँ' उनले भने, 'योसँगै प्रदेशसभाको स्थायी भवन बनाउने प्रक्रिया पनि अघि बढाउने योजना बनाएका छौँ । बागमती प्रदेश सरकारलाई संरचना निर्माण गर्न हेटौंडा-१७ हटियामा ३१ हेक्टर जग्गा संघीय सरकार बाट प्राप्त भइसकेको छ । प्रदेशसभा भवनलगायतका प्रदेशका मन्त्रालयको भवनहरुको विषयमा यसै वर्षमा ठेक्का लाग्छ ।'

यो सभाहलमा पनि जेनजी प्रदर्शनका क्रममा क्षति पुगेको थियो । प्रदेशसभा बैठक सञ्चालनकै लागि करिब २ करोड रुपैयाँ लागतमा मर्मतसम्भार गरिएको हो । बागमती प्रदेशसभाको रिक्त सभामुख पदमा सत्तारुढ दलभित्र सहमति जुट्न नसक्दा प्रदेशसभा अनिश्चित बन्दै आएको थियो । प्रदेशसभा बैठक सुरु भएको १५ दिनभित्र सभामुख चयन गरिसक्नुपर्ने भएकाले सरकार त्यसको तयारीमा जुटेको छ । सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसको केही दनिअघि बसेको संसदीय दलको बैठकले सभामुखमा दाबी गर्ने निर्णय गरिसकेको छ ।

सत्ता साझेदार दल नेकपा एमालेले पनि सभामुख पदमा दाबी गरेको छ भने प्रमुख प्रतिपक्षी दल नेकपा पनि सभामुख पाउनुपर्ने अडानमा रहेको छ । जेनजी प्रदर्शन चर्किएकै समयमा भदौ २४ गते सामाजिक सञ्जालबाट राजीनामा घोषणा गरेका सभामुख भुवनकुमार पाठकले १ असोजमा उपसभामुख अप्सरा चापागाईंलाई राजीनामापत्र बुझाएपछि पदरिक्त भएको छ । पाठक दलीय भागबण्डाका आधारमा राप्रपाबाट सभामुख बनेका थिए । उपसभामुख एमालेकी अप्सरा चापागाईं बनेकी थिइन् ।

# सेनामा भर्ना प्रक्रिया व्यवस्थित बनाउन कार्यशाला



साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/नेपाली सेनामा भर्ना प्रक्रियालाई थप व्यवस्थित, प्रभावकारी तथा समयसापेक्ष बनाउने उद्देश्यले भर्ना छनोट निर्देशनालय, जंगी अड्डाले हेटौंडामा एकदिने कार्यशाला (वर्कशप) गरेको छ ।

यसअघि इटहरी, बुटवल र पोखरामा कार्यक्रम सम्पन्न गरिसकेको निर्देशनालयले आइतबार मध्यपृतना मुख्यालय, हेटौंडामा कार्यक्रम आयोजना गरेको हो । कार्यक्रम मध्यपृतना मुख्यालय हेटौंडाका पृतनापति विष्णुकुमार खड्काको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

कार्यशालामा नेपाली सेनाको भर्ना छनोट प्रक्रिया, गुणात्मक परीक्षा प्रणाली तथा समग्र भर्ना व्यवस्थापनबारे प्रस्तुतीकरण गरिएको थियो । निर्देशनालयका निर्देशक सहायकरथी रोजप्रताप राणाले भर्ना प्रक्रियालाई सरल, सहज र विश्वसनीय बनाउने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए ।

त्यसैगरी, खुलापदपूर्ति शाखाका प्रमुखसेनानी निरज भण्डारीले भर्ना छनोटका विभिन्न चरणबारे जानकारी गराएका थिए । उनले नेपाली सेनामा प्रवेशका लागि आवश्यक मापदण्ड, प्रक्रिया तथा भर्ना प्रणालीलाई प्रभावकारी बनाउन गरिएका नीतिगत व्यवस्थाबारे प्रकाश पारे ।

प्रमुखसेनानी रवि केसीले गुणात्मक परीक्षा सम्बन्धी प्रस्तूतीकरण राखेका थिए । नेपाली सेनाले देशभरका युवालाई लक्षित गर्दै विभिन्न स्थानमा भर्ना केन्द्र निर्धारण गरेको छ । सेनाले खुला प्रतिस्पर्धा तर्फ ५५ प्रतिशत र समावेशीतर्फ महिला, आदिवासी जनजाति, मधेसी, दलित तथा पिछडिएका क्षेत्रका लागि ४५ प्रतिशत कोटा छुट्याएको छ ।

वीरगति प्राप्त तथा अशक्त सैनिकका सन्तानका लागि ५ प्रतिशत आरक्षण व्यवस्था गरिएको छ । हाल नेपाली सेनाले सैनिक साधारण सेवा, प्राविधिक सेवा, हवाई सेवा, प्राड सेवा तथा अन्य विविध सेवा समूहमा भर्ना खुलाउँदै आएको छ । भर्ना छनोट सम्बन्धी सम्पूर्ण निर्णय निर्देशनालयको समन्वयमा लोकसेवा आयोगका अध्यक्ष सदस्य रहनेगरी, रक्षा मन्त्रालयको सचिव, कार्यरथि, प्रधानसेनापतिले तोकेको विशेषज्ञ अधिकृत भर्ना छनोट निर्देशनालयको निर्देशक सहितको पदपूर्ती समितिले गर्ने व्यवस्था रहेको छ । कार्यक्रममा विभिन्न क्याम्पसका विद्यार्थी, प्राध्यापक, सञ्चारकर्मी तथा नेपाली सेनाका विभिन्न पदमा कार्यरत अधिकृतको उपस्थिति रहेको थियो ।

# शिव-साबित्री स्मृति मुक्तक सम्मान कर्णालीका खत्रीलाई



साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ झरना साहित्यिक परिवार मकवानपुरले शिवशिव-साबित्री स्मृति मुक्तक सम्मान कर्णाली प्रदेशका साहित्यकार कर्णबहादुर खत्रीलाई प्रदान गरेको छ ।

झरना साहित्यिक परिवार मकवानपुरको ३ सय २५ औं साहित्य श्रृंखलाको अवसरमा आयोजित ३२ औं मुक्तक साँझ २०८२ कार्यक्रमबीच खत्रीलाई सम्मान गरिएको हो । खत्रीलाई नगद १५ हजार ५ सय ५५ रुपैयाँ सहित सम्मान गरिएको छ । २०५५ सालमा हालको रुकुमपश्चिममा जन्मिएका साहित्यकार खत्रीले कक्षा १२ सम्म अध्ययन गरेका छन् । साहित्यको क्षेत्रमा प्रतिभावान मानिने खत्रीले मुक्तक, कविता र गीतलेखनमा कलम चलाउँदै आएका छन् । कार्यक्रममा मकवानपुरमा मुक्तक कृतिहरु प्रकाशन गरेका १३ जना मुक्तककारलाई पनि सम्मान गरिएको छ ।

सम्मानित हुनेहरुमा साहित्यकार पुरुषोत्तम आचार्य, देवराज खरेल, अनिष न्यौपाने (भावना), डिबी बर्तौला, डा. विश्वनाथ सञ्जेल, राम कार्की, बिर्खे अन्जान, दीपक गौतम, किसन पौडेल, राजबाबु पहाडी, दिनेशकुमार शर्मा, एसआर मञ्जरी ओली, सुमी थिङ रहेका छन् । कार्यक्रममा झरना साहित्यिक परिवारको आयोजनामा भएको कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थी सहभागी रहेको मुक्तक प्रतियोगितामा बकैयास्थित बुद्ध माविकी सुमिना दाहाल सर्वोत्कृष्ट हुन सफल भइन् ।

सानु खनाल र भवानी तिमल्सिना निर्णायक रहेको प्रतियोगितामा ७ जनाले मुक्तक प्रस्तुत गरेका थिए । प्रतियोगितामा दाहालका साथै रोशिता भट्टराई, मोनिका नेगी, नम्रता पराजुली, रोसिका खनाल, स्नेहा पराजुली, स्वस्तिका माझी समावेश थिए । यसअघि नै प्राप्त मुक्तकमध्ये उत्कृष्ट ९ वटा मुक्तक प्रतियोगितामा समावेश गरिएको थियो । लुम्बिनी प्रदेशका साहित्यकार रमेश प्रदर्शनको प्रमुखआतिथ्य तथा झरना साहित्य परिवारकी अध्यक्ष गायत्री रुपाखेतीको अध्यक्षतामा भएको कार्यक्रममा झरना साहित्यिक परिवारका संस्थापक अध्यक्ष रमेशमोहन अधिकारीलगायत मकवानपुरका साहित्यकार तथा साहित्यप्रेमीको उपस्थिति रहेको थियो ।

# हेमन्त चम्किँदा बागमतीको लज्जास्पद हार

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/हेमन्त धामीले कीर्तिमानी बलिङ प्रदर्शन गरेपछि पीएम कपमा सुदूरपश्चिम प्रदेशविरुद्ध बागमती प्रदेश ४६ रनमै अलआउट भएको छ ।

आइतबार जनकपुरमा भएको खेलमा सुदूरले दिएको २१० रनको लक्ष्य पछ्याएको बागमती ११.२ ओभरमा ४६ रनमै अलआउट भएको हो । शुभ कंसाकारले सर्वाधिक ३२ रन बनाए । अन्य ब्याटरले दोहोरो अंकमा रन छुनै सकेनन् । ५ खेलाडी शून्यमै आउट भएका थिए । हेमन्तले घातक बलिङ गर्दै ६ ओभरमा १४ रन मात्र दिएर ७ विकेट लिए । स्पीनर शेर मल्लले ३ विकेट लिए । हेमन्तको पीएम कप इतिहासकै उत्कृष्ट बलिङ हो । यसअघि नेपाल पुलिस क्लबका दीपेन्द्रसिंह ऐरीले १० ओभरमा २० रन दिएर ७ विकेट लिएका लिए ।



हेमन्तले कम रन खर्चिएर ७ विकेट लिएका हुन् । यस्तै बागमतीको यो पीएम कप इतिहासकै कम योगफल हो भने समग्र पीएम कप इतिहासकै चौथो कम योगफल हो । यसअघि बागमती गत संस्करणमा लुम्बिनी प्रदेशविरुद्ध ६७ रनमा पनि अलआउट भएको थियो । खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरले ४२.१ ओभरमा अलआउट हुँदै २०९ रन बनाएको थियो । नारायण जोशीले सर्वाधिक ७५ रन बनाए भने दीपक बोहराले ४० अनि अभिषेक पालले ३९ रन बनाए ।

बागमतीका प्रतिश जीसी र सन्दीप लामिछानेले ४-४ विकेट लिए । रिजन ढकाल र सोनु देवकोटाले १-१ विकेट लिए । योसँगै ६ खेलमा पाँचौं जित निकालेको सुदूरपश्चिम १० अंकका साथ शीर्षस्थानमा उक्लिएको छ । सुदूरले शीर्ष ४ मा पर्ने सम्भावना बलियो बनाएको छ ।

# मनहरी-२ मा बालसमूह गठन तथा परिचयात्मक कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ मकवानपुरको मनहरी गाउँपालिका वडा नं. २ अन्तर्गत ट्यांकीदमार टोल र दोभानटोलमा बालसमूहको बैठक तथा परिचयात्मक कार्यक्रम भएको छ ।

कार्यक्रम लिलामाया तामाङ (मनहरी गाउँपालिका वडा नं. १, २, ३ र ४ का बालमैत्री सहजकर्ता) को उपस्थितिमा सञ्चालन गरिएको हो । भविष्यका कर्णधारकारुपमा रहेका बालबालिकालाई सहीमार्गमा अघि बढाउने तथा निर्धक्करुपमा विचार व्यक्त गर्न सक्षम बनाउने उद्देश्यकासाथ बालसमूह गठन अभियान अघि बढाइएको आयोजकले जनाएको छ । कार्यक्रममा बालबालिकालाई आफ्नो परिचय प्रभावकारीरुपमा कसरी दिने भन्ने विषयमा अभ्यास



गराइएको थियो ।

वार्षिक परीक्षा सम्पन्न भएपछि प्राप्त भएको विदा समयलाई सदुपयोग गर्दै बालबालिकाको मनोविज्ञानमा सकारात्मक सोच र विचार विकास गराउन पाएकोमा सहजकर्ता तामाङले खुसी व्यक्त गरिन् । बालबालिकाको सहभागिता सुनिश्चित गर्न वडाबाट बजेट विनियोजन गरी सहयोग पुऱ्याएकोमा मनहरी-२ का वडाध्यक्ष राजकुमार पाख्रिनलाई धन्यवाद व्यक्त गरिएको कार्यक्रममा बालबालिका सहभागी गराएकोमा अभिभावकप्रति आभार प्रकट गरिएको थियो । कार्यक्रममा सहभागी स्थानीय युवा विद्यार्थी सूर्यबहादुर गोलेले अनुभव बाँड्दै बालबालिकालाई अभिभावक र गुरुजनप्रति इमानदार भई सत्मार्गमा अघि बढ्न प्रेरित गरे ।

# स्थापना दिवसको अवसरमा फ्रिज सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ हेटौंडा-२ बुद्धचोकस्थित ग्रामीण बहुउद्देयीय सहकारी संस्थाले आफ्नो २७ औँ स्थापनाको दिवसको अवसरमा हेटौंडा-१० स्थित गोरक्षश्वरधाम संस्कृत वेद विद्यालयलाई एकथान फ्रीज हस्तान्तरण गरेको छ ।

संस्थाका सचिव रवीन ढकालको अध्यक्षता तथा विद्यालयका निमित्त अध्यक्ष सूर्यप्रसाद नेपालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।


'संस्थाको स्थापना दिवसको अवसरमा संस्कृत वेद विद्यालयलाई फ्रीज प्रदान गरेका हौं, गर्मी मौसम सुरु भएसँगै यहाँ बसेर अध्ययन गर्ने बटुक (विद्यार्थी)लाई सहजता पुग्नेछ,' सचिव ढकालले भने 'हरेकवर्ष स्थापना दिवसमा विभिन्न सामाजिक कार्य गर्दै आइरहेका छौं ।'



कार्यक्रममा विद्यालय प्रअ गणेश धिताल, संस्थाका संस्थापक अध्यक्ष कृष्णप्रसाद पुडासैनी, सदस्यहरु गीता कोइराला, प्रभाकर पुडासैनी, संस्थाका व्यवस्थापक पुष्पा क्षेत्री लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा संस्थाका कर्मचारी, विद्यालयका शिक्षक तथा बटुकहरुको सहभागिता रहेको थियो ।


# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना